प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, इलाम

प्रदेश नं. १, नेपाल

## व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक विकास कार्यक्रम) माग गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति -२०७८/०५/०८)

यस कृषि ज्ञान केन्द्रको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फ ईलाम जिल्लामा तपशिल बमोजिमका **नैँया ब्लक विकास कार्यक्रम** संचालनका लागि क्षेत्र निर्धारण गर्नुपर्ने भएकोले परियोजना कार्यान्वयन म्यानुअल- २०७७ ले तोके बमोजिमको तथ्याङ्क फाराम भरि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले तिस औं (३०) दिन कार्यालय समय भित्र कृषि ज्ञान केन्द्र ईलाममा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रीत नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराऐन्छ।

तपशिलः

| क्र.स. | विवरण | संख्या | प्रति ब्लक अनुदान रकम (रू. लाखमा) | क्षेत्रफल /प्रति ब्लक (हेक्टर) | प्रस्ताव पेश गर्न सक्ने साझेदारहरु |
|---|---|---|---|---|---|
| १ | तरकारी ब्लक | २ | २५ | ३० | कृषि समुह/ कृषि सहकारी |

आवेदनका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. अनुसूची-६ बमोजिमको ढाँचामा रु. १०।– को टिकट टाँस गरिएको निवेदन।

२.अनुसूची- ७ बमोजिम आधारभुत तथ्याङ्क फाराम।

३.समुह/सहकारी/समितिको बैठकको निर्णयको प्रतिलिपि।

४.संचालकको नेपालि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

५. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि/ संस्थाको नविकरणको प्रतिलिपि।

६. संस्थाको स्थायि लेखा नम्बर (PAN) र VAT प्रमाणपत्रको प्रतिलिपि।

७. गत आ.व.को कर चुक्ताको प्रतिलिपि।

८. सहकारीको हकमा अघिल्लो आ.व.को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि।

९. स्थानिय तह सम्बन्धित वडा र कृषि शाखाको सिफारिस।

१०. संस्थागत ( समुह/सहकारी/ फर्म समिति आदि) ले प्रति आवेदन रु. २००।– को भौचर नेपाल बैंक लिमिटेड ईलाम शाखाको खाता नं २७००२०००००१००१००००००१ (अन्य प्रशासनिक दस्तुर, प्रदेश सरकार), राजश्व शिर्षक नं १४२२९, कार्यालय कोड नं ३१२०१०३०११ मा आवेदन दस्तुर जम्मा गरि सोको सक्कल भौचर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

*नोटः थप जानकारीको लागि कृषि ज्ञान केन्द्र, ईलामको सम्पर्क नं ०२७-५२००४६/०४७ मोबाईल नम्बर ९८५२६८१६६८/९८४२०७०६१४ वा कार्यालयको वेबसाईट Ilam.akc.gov.np बाट आवश्यक फारामहरु र कार्यविधि डाउनलोड गरि हेर्न सक्नहनेछ।*

२०७८/०५/०८

टोनी बर्देवा

निमित्त प्रमुख